'चुरे विनाशले तराई असुरक्षित'

महोत्तरी बर्दिबासमा चुरे संरक्षणबारे गोष्ठीमा बोल्दै पूर्वराष्ट्रपति डा. रामवरण यादव । तस्बिर : रवीन्द्र/क्रान्तिपुर

■ रवीन्द्र उप्रेती

महोत्तरी- चुरे क्षेत्रमा बढ्दो जोखिम र यसले तराईसम्म पारेको प्रभावप्रति पूर्वराष्ट्रपति रामवरण यादवले चिन्ता व्यक्त गरेका छन् । आफ्नो प्रयासमा सरकारी तहबाट 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' सञ्चालन भए पनि चुरिया क्षेत्रदेखि दसगजासम्मका सर्वसाधारणलाई चुरेको महत्त्व बुझाउन नसक्दा कार्यक्रमले आशातीत परिणाम दिन नसकेको उनले बताए ।

वन विनाश र गिटी बालुवालगायत प्राकृतिक सम्पदाको मनपर्दी दोहनले चुरे आक्रान्त छ । उत्तरवर्ती क्षेत्रमा लामो समयदेखि पानीको हाहाकार छ । दक्षिणी क्षेत्रको जलस्तर घट्दो छ । यिनै समस्याको समाधान खोज्न बर्दिबासस्थित नगर पत्रकार सञ्जालले बिहीबार आयोजना गरेको 'चुरे संरक्षण संवर्द्धन' विषयक गोष्ठीमा पूर्वराष्ट्रपतिले चिन्ता व्यक्त गरेका हुन् ।

कार्यक्रम अवधिभर भावुक देखिएका पूर्वराष्ट्रपति यादवले चुरेलाई नबुझेसम्म राष्ट्रलाई बुझ्न नसकिने धारणा राखे । राष्ट्रिय एकता र सामुदायिक सद्भावको जगेर्नाका लागि पनि चुरेको संरक्षण अपरिहार्य रहेको उनको तर्क थियो । विद्वान् र विशेषज्ञले बुझेर मात्र यसको सुरक्षा हुँदैन,' उनले भने ।

'चुरे प्रकृतिको यस्तो उपहार हो,जसले उत्तर र दक्षिणका समुदायलाई आपसमा जोड्छ,' उनले भने, 'त्यसैले चुरिया क्षेत्रदेखि दसगजासम्मका सर्वसाधारणले चुरेको महत्त्व नबुझेसम्म सरकारी बजेटले मात्र यसको संरक्षण हुन सक्दैन ।' चुरे गुरुयोजना २०७२ ले गरेको अध्ययन अनुसार महोत्तरीको कुल भूभागमध्ये चुरको क्षेत्रफल १५ प्रतिशत (१४ हजार ७ सय ३२ हेक्टर) मात्र छ । तर यही क्षेत्रफलले सम्पूर्ण भूभागलाई प्रभावित पारिरहेको विशेषज्ञले बताए ।

चुरे विज्ञ डा. विजय सिंहका अनुसार राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिले नमुना कार्यक्रमअन्तर्गत रातु नदी प्रणालीमा केन्द्रित भएर आव २०७१/०७२ देखि संरक्षण कार्यक्रम अगाडि बढाएको छ । तर, उत्तिकै जोखिम मानिएका जिल्लाका महहा, जगाहा, बाँके, औरही र बडहरी खोलाको संरक्षणलाई सम्बोधन नगर्दा विनाश नियन्त्रण हुन नसकेको हो । चुरेको शिरदेखि दसगजासम्म फैलिएका यी नदी

- 'चुरे प्रकृतिको यस्तो उपहार हो, जसले उत्तर र दक्षिणका समुदायलाई आपसमा जोड्छ'
- 'सरकारी बजेटले मात्र संरक्षण असम्भव, सबैको हातेमालो जरुरी'

प्रणालीको एकीकृत ढंगले कार्यक्रम परिचालन नगरिए जोखिम न्यूनीकरण हुन सक्दैन । जसले गर्दा सदरमुकाम जलेश्वरलगायत तल्लो तटसम्मको भूभागमा जोखिम बढ्दै गएको छ ।

'चुरेको प्राकृतिक सम्पदा र पारिस्थितिकीय प्रणालीको संरक्षणबिना वातावरण सन्तुलन र दिगो विकास सम्भव छैन,' सिंहले भने, 'चुरे विनाश रोक्न र नदीजन्य जोखिम न्यूनीकरण गर्न संवेदनशील हुनैपर्छ ।'